# सूर्यविनायक नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय भक्तपुर
## बागमती प्रदेश, नेपाल

पशुपन्छी खोप खरिद सम्बन्धी विद्युतीय
दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०६।१०

यस नगरपालिकाको लागि आवश्यक खोप खरिद कार्यक्रमको विद्युतीय दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्म/कम्पहरुले तपसिलमा उल्लिखित शर्त बमोजिम विद्युतीय दरभाउपत्र पेश गर्न यो सूचना आह्वान गरिन्छ ।

१. विद्युतीय दरभाउपत्र दस्तुर रु १०००।- वापतको रकम यस सूर्यविनायक नगरपालिकाको NIC ASIA BANK सूर्यविनायक भक्तपुरमा रहेको आन्तरिक राजश्व खाता नं ग-१-१-००८२०५००४२१२०००३ र धरौटी रकम रु २५,०००।- NIC ASIA BANK सूर्यविनायक भक्तपुरमा रहेको धरौटी खाता नं.ग-३-००८२०५००४२१२००१७ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकको ग्यारेन्टी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ । दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि प्रचलित नियम अनुसारको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कार्यसम्पादन जमानत (Performance Bond) पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा कार्यसम्पादन जमानतमा परिवर्तन गर्न पाइने छैन ।

२. दरभाउपत्र खरिदकर्ताले कम्पनी/फर्म दर्ता प्रमाणपत्र बिक्री इजाजत पत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व.२०८१।०८२ को कर चूक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

३. दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको मितिको १७ औं दिन (२०८२।०६।२६ गतेको) दिन १२ बजेभित्र विद्युतीय माध्यमबाट दरभाउपत्र पेश गर्नु पर्नेछ ।

५. तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्र सोही दिनको अपरान्ह १२:३० बजेदेखि दरभाउपत्रदाताको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाताका प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. दरभाउपत्र विद्युतीय माध्यमबाट पेश गर्ने अन्तिम दिन बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समयभित्र विद्युतीय दरभाउपत्र पेश गर्न सकिनेछ ।

७. सूर्यविनायक नगरपालिका अन्तर्गत पशुपन्छीको खोप खरिद ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै व्यहोर्नुपर्नेछ ।

८. यो दरभाउपत्र सम्बन्धी थप जानकारी कार्यालयको पशुपन्छी विकास शाखामा सम्पर्क गर्न सकिनेछ भने PPMO eGP प्रणाली www.bolpatra.gov.np/egp मा गइ नियमानुसार आवेदन दिनुपर्नेछ ।

९. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

तपसिलः

| सि.नं | सिलबन्दी दरभाउपत्र नं | विवरण | बैंक जमानत रकम (रु.) | बैंक जमानतको म्याद | विद्युतीय दरभाउपत्र दस्तुर रकम (फिर्ता नहुने) रु. |
|---|---|---|---|---|---|
| १ | SBM/ vet/०१/२०८२/०८३ | पशुपन्छी खोप तथा लजिस्टिक सामाग्री | २५,०००।- | ७५ दिन | १,०००।- |

प्रमुख प्रशासकीय अधिकृत